# गौमुखी गाँउपालिका
## सेफहाउस संचालन  कार्यविधी २०७५

## गौमुखी गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय
## पुजा प्यूठान
## ५ नं. प्रदेश नेपाल

## गौमुखी गाँउपालिका सेफहाउस संचालन कार्यविधी २०७५

### गाँउकार्यपालिकाबाट स्विकृत मिति :

**प्रस्तावना :** गौमुखी गाँउपालिका क्षेत्रभित्रका हिंशाप्रभावित महिला, बालबालिका अपांग तथा ज्येष्ठ नागरिकहरु लाइ  अल्पकालिन रुपमा सुरक्षीत आवास केन्द्र उपलब्ध गराउनका लागि गौमुखी गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयले यो कार्यबिधी जारी गरेको छ ।

**परिच्छेद १**

**संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम "**सेफहाउस संचालन कार्यविधी २०७५**" रहेको छ ।

यो कार्यविधी **गाँउकार्यपालिकाबाट स्विकृत भएको मिति**देखी लागु हुनेछ ।

**परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१ **गौमुखी गाँउपालिका क्षेत्र** भन्नाले "**गौमुखी गाँउपालिका स्थित १ देखी ७ वडामा अवस्थीत स्थानहरु** " सम्झनुपर्दछ ।

२ **महिला** भन्नाले "**हिंशाप्रभावित महिला**" सम्झनुपर्दछ ।

३ **बालबालिका** भन्नाले "**१८ बर्ष मुनिका बालक वा बालिका**" सम्झनुपर्दछ ।

४ **अपांग** भन्नाले "**अपांगता परिचयपत्र वितरण कार्यविधी २०७५ अनुसार परिचय पत्र प्राप्त अशक्तता भएका व्यक्ती**" सम्झनुपर्दछ ।

**ज्येष्ठ नागरिक** भन्नाले " **६० बर्ष उमेर पगेका व्यक्ती**" सम्झनुपर्दछ ।

**परिच्छेद २**

**उद्धेश्य र मापदण्ड :**

यस कार्यविधीको उद्धेश्य देहायबमोजिम रहनेछ

१ गौमुखी गाँउपालिका क्षेत्रभित्रका हिंशाप्रभावित महिला ,बालबालिका , अपांग तथा ज्येष्ठ नागरिकहरुलाइ अल्पकालिन रुपमा आवास सेवा उपलब्ध गराउने ।

सेवा सम्बन्धी मापदण्ड देहायबमोजिम रहनेछ :

१ यस कार्यविधी अनुसार एक ब्यक्तीलाइ बढिमा ४५ दिनसम्म अल्पकालीन रुपमा सेवा उपलब्ध गराउन सकिनेछ ।

२ यस कार्यविधी अनुसार तोकीएको वर्ग ( हिंशाप्रभावित महिला ,बालबालिका,अपांग र ज्येष्ठ नागरिक) लाइ मात्र सेवा उपलब्ध गराउन सकिनेछ ।

३ यस कार्यबिधी अनुसार अल्पकालिन आवास सेवा प्राप्त गर्ने व्यक्तीले आवास केन्द्रमा निशुल्क रुपमा खाना तथा आवासको सुविधा प्राप्त गर्न सक्नेछन ।

४ यस कार्यबिधी अनुसार आवश्यक भएमा औषधीउपचारको लागि बढीमा प्रतिव्यक्ती रु. १०००। सम्म उपलब्ध गराउन सकिनेछ ।

**परिच्छेद ३**

**सेफहाउस सञ्चालन प्रक्रीया :**

१ परिच्छेद २ मा उल्लेख गरिएबमोजिमका हिंशाप्रभावित व्यक्तीहरुलाइ अल्पकालिन रुपमा आवास सेवा उपलब्ध गराउने प्रयोजनको लागि बार्षिक रुपमा एकमुष्ट रु ६०,०००। रकम गौमुखी गाँउपालिकाको श्रोतबाट छुट्याइने छ ।

२ सेफहाउस सञ्चालन गर्नको लागि गाँउपालिकाले कोठा भाडामा लिन सक्नेछ ।

३ सेफहाउस सञ्चालनको लागि सेवाग्राहीहरुलाइ बसुञ्जेल सेवा उपलब्ध गराउनको निमित्त एकजना स्वयंसेवक कर्मचारी नियूक्त गर्नसक्नेछ । स्वयंसेवक कर्मचारीको सेवासुबिधा गाँउकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

४ सेफहाउस संचालनलाइ प्रभावकारी बनाउनको निमित्त देहायबमोजिमको सेफहाउस संचालन समिति रहनेछ ।

गौमुखी गाँउपालिकाका उपाध्यक्ष : संयोजक

गौमखी गाँउपालिकाका प्रमुख प्रशासकिय अधिकृत : संरक्षक

गौमुखी गाँउपालिका महिला बालबालिका तथा समाजकल्याण शाखा हेर्ने कर्मचारी : सदस्य सचिव

५ सेफहाउस संचालन समितिको बैठक आवश्यक परेको खण्डमा जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

६ सेफहाउस संचालन समितिको बैठक भत्ता एवं अन्य सेवा सुबिधा गाँउकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

परिच्छेद ४

रकम भुक्तानी प्रक्रीया, प्रतिवेदन तथा अभिलेख सम्बन्धी व्यवस्था :

१ रकम खर्च भएका सम्पूर्ण कागजात एवं चौमासीक प्रतिवेदन स्वयंसेवक कर्मचारीले गौमुखी गाँउपालिकाको कार्यालयमा ल्याइ रकम भूक्तानीको लागि निवेदनपत्र सहित अनुरोध गर्न सक्नेछ र चौमासीक रुपमा गाँउपालिकाले खर्च रकम उपलब्ध गराउन सक्नेछ ।

२ अल्पकालिन रुपमा आवास सुविधा प्राप्त गर्नेको विवरण स्वयंसेवक कर्मचारीले अभिलेख गरी राख्नुपर्नेछ ।